सांस्कृतिक संस्थानको

# आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम

## सहित विनियोजित बजेट

सांस्कृतिक संस्थान सञ्चालक समितिद्वारा २०८२/३/१ गते स्वीकृत


जमल, काठमाडौं ।

सम्पर्क नं. : ०१-५३२११९४

**इमेल :** sanskritiksansthan@nepal.gov.np

## सांस्कृतिक संस्थानको दीर्घकालीन सोच र व्याख्या :

**सांस्कृतिक संस्थानको दीर्घकालीन सोच : "संस्कृति+प्रकृति+जनशक्ति=समृद्धि"**

व्याख्या :- 'संस्कृति, प्रकृति र जनशक्ति' बीच सुन्दर समायोजन गर्नसके मात्र नेपाल जस्तो संस्कृति र प्रकृतिको धनी देशमा सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र मानवीय स्रोतलाई सिर्जनशील कला मार्फत उचित संयोजन गरी उत्पादनतर्फ जोड दिई समृद्धिको आधार निर्माण गर्न सम्भव छ । अर्थात् अभौतिक र भौतिक सांस्कृतिक सम्पदालाई दक्ष जनशक्तिद्वारा सही ढंगले समायोजन र सदुपयोग गर्नसके सांस्कृतिक पर्यटनको विकास र संस्कृतिबाटै समृद्धि सम्भव छ । सर्वप्रथम त संस्कृतिलाई बुझ्ने चिन्तको समाजमा विकास हुनु अपरिहार्य छ । संस्कृति के हो र संस्कृतिप्रतिको सोच, चिन्तन र बुझाई हरेक नेपालीमा विकास नहुनु नै आजको प्रमुख समस्या हो । संस्कृति भन्नाले सामान्य रूपमा नाचगान भनेर बुझ्ने नेपाली समाजको सोचलाई विस्तार गर्नु पहिलो आधारभूत शर्त हो । संस्कृति यति विशाल छ कि जसलाई परिभाषित गर्दा उपन्यास नै बन्छ । सामान्यतः अभौतिक सांस्कृतिक सम्पदा भन्नु जन्मदेखि मृत्युसम्मका सम्पूर्ण क्रियाकलाप, भौतिक सांस्कृतिक सम्पदा भन्नु प्रकृति तथा मानव निर्मित हरेक संरचना भएकाले अभौतिक सांस्कृतिक सम्पदा र भौतिक सांस्कृतिक सम्पदाको योग नै संस्कृति हो । संस्कृति संरक्षण सहित उत्पादन तर्फ जोड्ने स्पष्ट राज्यनीति निर्माण गर्नु आजको प्रमुख अपरिहार्यता हो ।

अमूर्त र मूर्त सांस्कृतिक सम्पदालाई दक्ष सिर्जनशील युवा जनशक्तिबाट सही ढंगले उत्पादनमैत्री क्रियाकलापमा जोड्ने स्पष्ट राज्यनीति निर्माण हुने हो भने संस्कृतिबाटै समृद्ध नेपालको सपना शत प्रतिशत साकार हुन्छ । किनकी सांस्कृतिक पर्यटनका लागि नेपाल उपयुक्त गन्तव्य हो । नेपालको पहिचान र अस्तित्वको कुरामा, संस्कृतिजस्तो संवेदनशील कुरामा राजनीतिकरण नगरी नेपालको खजाना भौतिक-अभौतिक सांस्कृतिक सम्पदाको सदुपयोगबाट नेपालीलाई आत्मनिर्भर, स्वरोजगार बनाउने साझा नीति तथा कार्यक्रम बनाई लागू गर्नु राज्य र राज्यका संस्कृति सम्बन्धी निकायहरूका अनिवार्य शर्त हो ।

कुनै पनि राष्ट्रको अस्तित्व त्यस राष्ट्रको संस्कृतिभित्र हुन्छ । संस्कृति नरहे कुनैपनि राष्ट्र रहन सक्दैन । सिर्जनशील कला भएका सिर्जनशील प्राणीहरूले नै जनताका सुख, दुःख, आरोह-अवरोह एवम् जीवनमृत्यु पर्यन्त हरेक क्रियाकलापलाई सिर्जनशील कलाको माध्यमबाट नवजागरण पैदा गर्न, सामाजिक सद्भाव तथा राष्ट्रिय एकताका विचारहरू एवम् भावनाहरू अभिव्यक्त गरी देशमा सभ्य संस्कृति निर्माण गरी सम्पूर्ण जनतालाई एकताबद्ध भई आत्मनिर्भर हुने सन्देश सम्प्रेषण गर्दछन् । सिर्जनशील कलालाई सजीव रूपमा प्रदर्शन गर्ने नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सिर्जनशील कला, सिर्जनशील प्राणी र समग्र संस्कृतिको अस्तित्व रक्षार्थ नीति तथा कार्यक्रम तर्जुमा गर्न सदा प्रतिबद्ध छ । संस्कृति संरक्षणका लागि सिर्जनशील कला मार्फत नवजागरण प्रवाह गर्दै संस्कृतिलाई उत्पादनतर्फ जोड्ने सेतुको रूपमा संस्थानलाई विकास गर्नु अपरिहार्य छ । सांस्कृतिक उत्पादन, सांस्कृतिक पर्यटन र डिजिटल उत्पादनतर्फ अग्रसर हुने मार्ग प्रशस्त गरी सांस्कृतिक उद्योगको विकासबाट आर्थिक समृद्धिको आधार निर्माण गर्ने दीर्घकालीन लक्ष्य हासिल गर्न संस्थान सदा प्रतिबद्ध छ ।

# सांस्कृतिक संस्थानको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम सहित विनियोजित बजेट

(रु.लाखमा)

| क.सं. | कोड नं. | नीति | कार्यक्रम | क्रियाकलाप | अनुमानित बजेट | | अपेक्षित नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | नेपाल सरकार | | |
| | | चालु तर्फ | | | | | | |
| १ | २११११ | तलब भत्ता | पारिश्रमिक कर्मचारी | स्थायी कर्मचारीको तलब भत्ता | १६३ | ६० | श्रमको सम्मान | |
| २ | २११२१ | पोशाक भत्ता | कर्मचारी पोशाक भत्ता | कर्मचारीको नियमानुसार पोशाक भत्ता | ६ | | कर्मचारी प्रोत्साहन | |
| ३ | २११२३ | औषधि उपचार | औषधि उपचार खर्च | विनियमावली अनुसार औषधि उपचार | ० | | कर्मचारीको जीवन रक्षा | |
| ४ | २११३२ | महंगी भत्ता | कर्मचारी महंगी भत्ता | कर्मचारीको नियमानुसार महंगी भत्ता | १५.६ | | कर्मचारी प्रोत्साहन | |
| ५ | २११३९ | विविध भत्ता | अन्य भत्ता | कार्यालय समय बाहेक नियमानुसार भत्ता | ३.५ | | श्रमको सम्मान | |
| ६ | २११४० | पदाधिकारी सुविधा | पारिश्रमिक पदाधिकारी | | | | | |
| ७ | २११४१ | ” ” | सञ्चालक समिति बैठक भत्ता | नियमानुसार सञ्चालक समिति बैठक भत्ता | २.५ | | नियमानुसार भत्ता वितरण | |
| ८ | २११४२ | ” ” | पदपूर्ति समिति बैठक भत्ता | नियमानुसार पदपूर्ति समिति बैठक भत्ता | २.२ | | नियमानुसार भत्ता वितरण | |
| ९ | २११४४ | ” ” | पदाधिकारी खाजा खर्च | बैठक समयानुसार खाजाखानाको व्यवस्था | १.५ | | | |
| १० | २२१११ | पानी तथा विद्युत | पानी तथा बिजुली | कार्यालयका लागि पानी तथा बिजुली व्यवस्था | ३७.५ | | | |
| ११ | २२११२ | सञ्चार | सञ्चार महसुल | कार्यालय सञ्चालनका लागि सञ्चार | १.५ | | | |
| १२ | २२२११ | इन्धन | इन्धन | कार्यालय प्रयोजनका लागि इन्धन | ५.५ | | | |
| १३ | २२२०० | मर्मत सँभार | | | | | संस्थानको संरक्षण | |
| १४ | २२२१३ | ” ” | सवारी साधन मर्मत | कार्यालय सवारी साधन मर्मत | ६ | | ” ” | |
| १५ | २२२१४ | ” ” | सवारी साधन बिमा नवीकरण | सवारी साधनको बिमा तथा नविकरण | १.३ | | ” ” | |
| १६ | २२२१५ | ” ” | हल मर्मत सँभार | फलसिलिङ, सिट, पर्दा, सिपेज, ढोका, सोफा, टेबुल, स्टेज लगायत हल सामग्री मर्मत | २५ | | ” ” | |
| १७ | २२२१६ | ” ” | मेशिनरी तथा औजार मर्मत सँभार | कम्प्युटर, प्रिन्टर, मिक्सर, साउण्ड कार्ड, साउण्ड बक्स, मोनिटर, AC, फ्यान, लाइट, माइक, पलम्बिङ, धारा, पानी तान्ने मेसिन, फोन, माइक केवल, स्मोक मेसिन, जेनेरेटर लगायत अन्य मेशिनरी सामग्री मर्मत | ३ | | ” ” | |
| १८ | २२२१७ | ” ” | डिजिटल प्रणाली मर्मत | वेबसाइट, एप, युटुब, ई टिकट बुकिङ, सिसिटिभी बक्स, ई हाजिरी बक्स लगायत डिजिटल प्रणालीका सामग्री मर्मत | ३ | | ” ” | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | २२२१८ | ″″ | विविध संरचना मर्मत | भवन कलरिङ, वादन सामग्री, टेबुल, कार्यक्रम सेट मर्मत, दराज, ढल, भवन सिपेज, ट्वाइलेट, कुर्सी लगायतका संरचना मर्मत | १५ | | ″″ | |
| २० | २२३१० | कार्यालय सञ्चालन | | | | | | |
| २१ | २२३११ | ″″ | मसलन्द तथा कार्यालय सामग्री | कार्यालय सञ्चालनका लागि आवश्यक मसलन्द तथा सामग्री | १०.५ | | कार्यालय सञ्चालन | |
| २२ | २२३१३ | ″″ | पुस्तक तथा पत्रपत्रिका सामग्री | कार्यालयका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका | १ | | ″″ | |
| २३ | २२३१५ | ″″ | सूचना प्रकाशन, विज्ञापन तथा छपाइ | संस्थानका अत्यावश्यक सूचना प्रकाशन | ८ | | ″″ | |
| २४ | २२३१९ | हल सञ्चालन | हल सञ्चालन सामग्री | हल सञ्चालनका लागि सरसफाईका सामग्री | १२ | | हल सञ्चालन | |
| २५ | २२४१० | विविध सेवा | | | | | कार्यालय सञ्चालन | |
| २६ | २२४११ | ″″ | परामर्श सेवा | संस्थानका लागि अत्यावश्यक परामर्श सेवा | १.२ | | ″″ | |
| २७ | २२४१२ | ″″ | सफ्टवेयर अपडेट AMC | अत्यावश्यक डिजिटल प्रविधिमा सफ्टवेर अपडेट | ५ | | ″″ | |
| २८ | २२४१३ | करार सेवा शुल्क | करार कर्मचारी पारिश्रमिक | करार कर्मचारीहरूको तलब भत्ता | १४९ | | श्रमको सम्मान | |
| २९ | २२४१९ | अन्य सेवा शुल्क | सुरक्षा तथा सरसफाई | सुरक्षा तथा सरसफाई सेवा | २५.५ | | कार्यालयको रक्षा | |
| ३० | २२६११ | आयव्यय मूल्यांकन | लेखा परिक्षण शुल्क | संस्थानको लेखा परिक्षण क्रियाकलाप | ३.८ | | समयमै लेखा परिक्षण | |
| ३१ | २२७१० | विविध खर्च | अतिथि सत्कार सामग्री | कार्यक्रम तथा भेटघाटमा अतिथि सत्कार सामग्री | ३.५ | | अतिथि सम्मान | |
| ३२ | २२७१२ | ″″ | बैंक सेवा शुल्क | संस्थानले बैंकिङ सेवा लिए बापतको शुल्क | ०.१ | | | |
| ३३ | २७३१० | सेवा निवृत्त सुविधा | | | | | | |
| ३४ | २७३१२ | ″″ | उपदान दायित्व | अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने उपदान | २३९.१७ | १६० | अनिवार्य दायित्व वहन | |
| ३५ | २७३१३ | ″″ | सञ्चित बिदा दायित्व | सेवा निवृत्त कर्मचारीको सञ्चित बिदा दायित्व | १०.१० | | | |
| ३६ | २७३१४ | ″″ | औषधि उपचार दायित्व | सेवा निवृत्त कर्मचारीको औषधि उपचार दायित्व | ६.६४ | | | |
| | २२५२२ | **कार्यक्रम तर्फ** | | | | | | |
| ३७ | २२५२३ | संस्कृति संरक्षण तथा प्रवर्द्धन | शुभारम्भ सांस्कृतिक साँझ | नेपाली नयाँ वर्षको उपलक्ष्यमा वैशाख १ गते शुभकामना आदानप्रदान सहितको क्रियाकलाप | ८ | | नेपाली संस्कृति संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक |
| ३८ | २२५२४ | डिजिटल उत्पादन | मनमनमा संस्कृति, ओठओठमा हाँसो | हास्य रस प्रदायक संस्कृति सहित डिजिट उत्पादन केन्द्रित क्रियाकलाप | १० | | संस्कृति संरक्षण सहित समृद्धि | प्रायोजकमूलक तथा टिकट शो |
| ३९ | २२५२५ | रैथाने संस्कृति संरक्षण | सांस्कृतिक सम्मेलन | सात प्रदेशमा लोपोन्मुख रैथाने लोकसंस्कृति उत्सवका रूपमा प्रदर्शनी | ० | | रैथाने संस्कृति संरक्षण तथा प्रवर्द्धन | स्थानीय सरकारसँग समन्वय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४० | २२५२६ | प्रशिक्षण | कला प्रशिक्षण कार्यक्रम | अमूर्त संस्कृति सम्बन्धी सिर्जनशील कला, ज्ञान, सीपको पुस्तान्तरणका लागि व्यवस्थित रूपमा प्रशिक्षण क्रियाकलाप | १२ | | गायन, वादन, नृत्य, नाटक तथा समग्र अमूर्त संस्कृतिको विकास | |
| ४१ | २२५२७ | संस्कृति दस्तावेजीकरण | सिर्जनशील कला सम्बन्धी सांस्कृतिक गोष्ठी | प्रदर्शनीयुक्त अमूर्त संस्कृति सम्बन्धी कार्यपत्र सहित सभा, गोष्ठी सहित सांस्कृतिक कार्यक्रम | २ | | प्रदर्शनीयुक्त अमूर्त संस्कृति दस्तावेजीकरण | सहकार्यमूलक |
| ४२ | २२५२८ | प्रकाशन | पुस्तक, जर्नल, बुलेटिन तथा अन्य सामग्री प्रकाशन | कला प्रशिक्षण सम्बन्धी पुस्तक, अनुसन्धनात्मक जर्नल, बुलेटिन नेपाली संस्कृति, भित्ते पात्रो लगायतका अत्यावश्यक सामग्री प्रकाशन | ८ | | कला प्रशिक्षण व्यवस्थित, संस्कृति संरक्षण तथा दस्तावेजीकरण | |
| ४३ | २२५२९ | उत्सव | लोकसंस्कृति प्रदर्शनी उत्सव | सात प्रदेशको लोकसंस्कृति कम्तीमा एक सातासम्म प्रदर्शनी | ० | | संस्कृति संरक्षण, संवर्द्धन तथा समृद्धि | सहकार्यमूलक, प्रायोजनमूलक |
| ४४ | २२५३० | संस्कृतिका लागि काव्य | सांस्कृतिक तथा साहित्यिक कार्यक्रम | कविता, गजल, कला, साहित्य सम्बन्धी सम्पूर्ण क्रियाकलापसँगै सांस्कृतिक कार्यक्रम प्रदर्शनी | ०.५ | | काव्य मार्फत संस्कृति संरक्षणमा जोड | प्रायोजक तथा सहकार्यमूलक |
| ४५ | २२५३१ | श्रद्धा अर्पण | सम्झनामा दिग्गज श्रष्टा | विविध विधाका दिग्गज श्रष्टाहरूको सम्झनामा उहाँहरूका अमर कृतिहरू प्रदर्शनी | १ | | दिग्गज धरोहरहरूको योगदानको कदर | प्रायोजकमूलक |
| ४६ | २२५३२ | बाल संस्कृति निर्माण | बाल सांस्कृतिक समारोह | बालप्रतिभा उजागर तथा नैतिक शिक्षा सम्प्रेषणका लागि बाल कार्यक्रम | १ | | बाल मनोविज्ञानमा नैतिक शिक्षा सम्प्रेषण | प्रायोजनमूलक |
| ४७ | २२५३३ | इतिहासको खोज | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म खोज अनुसन्धान | संस्थानको उत्पत्तिकालदेखि हालसम्मको इतिहासलाई सत्यतथ्य खोज सहित डकुमेन्ट्री तथा दस्तावेजीकरण सम्बन्धी क्रियाकलाप | १ | | संस्थानको साङ्गोपाङ्ग सत्यतथ्य इतिहास प्रकाशन | |
| ४८ | २२५३४ | प्रतियोगिता | लोकगीत वा लोक तथा दोहोरी गीत प्रतियोगिता | देशैभरीका प्रतियोगीहरू समेटिने गरी एकल लोकगीत वा लोक तथा दोहोरी गीत प्रतियोगिता | ५ | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ४९ | २२५३५ | स्मृति दिवस | सम्झनामा नारायणगोपाल, अरुण थापा, तारा देवी, गणेश रसिक | स्वरसम्राट नारायणगोपाल, अरुण थापा, गणेश रसिक र तारा देवीका कृतिहरू समेटिने गरी उहाँहरूको स्मृति दिवसमा अलग-अलग कार्यक्रम | ३ | | सिर्जनशील कला मार्फत राष्ट्रलाई योगदान दिने व्यक्तित्व सम्मान | सहकार्यमूलक |
| ५० | २२५३६ | प्रगतिशील संस्कृति संरक्षण | प्रगतिशील सांस्कृतिक कार्यक्रम | जनताका जीवनपद्धतिको वकालत गर्ने जनसंस्कृतिमूलक सांगीतिक प्रस्तुति संस्थान तथा अन्य जनप्रिय कलाकारद्वारा प्रदर्शनी | १.५ | | संस्कृति निर्माणमा जोड | सहकार्यमूलक तथा प्रायोजकमूलक |
| ५१ | २२५३७ | कल्याणकारी कोष | सांस्कृतिक संस्थान कल्याणकारी कोष विस्तार | मेरो दान, संस्कृतिलाई सम्मान दान पेटिका सञ्चालन व्यवस्थित, कोष वृद्धिका योजना निर्माण | ० | | समग्र संस्कृतिकर्मीको जीवन रक्षा | |
| ५२ | २२५३८ | अनुसन्धान | संस्कृति अध्ययन जर्नल | सात प्रदेशका लोपोन्मुख प्रदर्शनीमूलक लोकसंस्कृति खोज अनुसन्धान तथा प्रकाशन | ३ | | प्रदर्शनीयुक्त लोकसंस्कृतिको संरक्षण | |
| ५३ | २२५३९ | गणतन्त्रको रक्षा | गणतन्त्र दिवस उत्सव | गणतन्त्र दिवसका दिन गणतन्त्रको मर्म केन्द्रित सिर्जनशील कला प्रदर्शनी | १ | | गणतन्त्रको रक्षाको लागि जोड | सहकार्यमूलक, प्रायोजनमूलक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५४ | २२५४० | संविधानको रक्षा | संविधान दिवस उत्सव | संविधान दिवसका दिन संविधानको मर्म केन्द्रित बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विविधतायुक्त संस्कृति प्रदर्शनी | १ | | संविधानको रक्षाको लागि जोड | सहकार्यमूलक, प्रायोजनमैत्री |
| ५५ | २२५४१ | नेपाली शास्त्रीय सङ्गीत विकास | वसन्त शास्त्रीय सङ्गीत उत्सव | वसन्त पञ्चमीको अवसरमा नेपाली शास्त्रीय सङ्गीत विशेष सिर्जनशील कला प्रदर्शनी | ३ | | नेपाली शास्त्रीय सङ्गीत विकासमा जोड | प्रायोजकमूलक एवम् सहकार्यमूलक |
| ५६ | २२५४२ | समय तालिका | भित्ते पात्रो निर्माण | संस्थानको नीति तथा कार्यक्रम समावेश गरिएको भित्ते पात्रो निर्माण | १ | | प्रभाकारी रूपमा नीति तथा कार्यक्रम सम्पन्न | |
| ५७ | २२५४३ | वार्षिकोत्सव | संस्थानको वार्षिकोत्सव | संस्थानको वार्षिकोत्सवको अवसरमा सांस्कृतिक कार्यक्रम र राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण सम्बन्धी क्रियाकलाप | ८ | | संस्थानको ऐतिहासिक विरासत कायम गर्न जोड | |
| ५८ | २२५४४ | दिवस संरक्षण | नारी दिवस कार्यक्रम | नारी सशक्तिकरण सहितको जागरण सम्बन्धी प्रतियोगितात्मक क्रियाकलाप | १ | | नारी सशक्तिकरणमा जोड | |
| ५९ | २२५४५ | " " | आदिवासी जनजाति दिवसमा संस्कृति प्रदर्शन | आदिवासी जनजाति दिवसको अवसरमा विविध जातिका पहिचानयुक्त संस्कृति प्रदर्शन | ०.५ | | नेपाली मौलिक लोकसंस्कृति प्रवर्द्धन | आदिवासी जनजाति सम्बन्धी निकायसँग सहकार्य |
| ६० | २२५४६ | भेषभूषा संरक्षण | भेषभूषा प्रदर्शनी कार्यक्रम | विविध जातजातिको मौलिक भेषभूषालाई प्रमुख केन्द्रविन्दु बनाई सांस्कृतिक कार्यक्रम प्रदर्शनी | १ | | मौलिक भेषभूषा संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक, सहकार्यमूलक |
| ६१ | २२५४७ | संस्कृति आदानप्रदान | संस्कृति आदानप्रदान कार्यक्रम | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा संस्कृति आदानप्रदान कार्यक्रम | ५ | | राष्ट्रको पहिचान अन्तर्राष्ट्रियस्तरमा विकास | |
| ६२ | २२५४८ | पदपूर्ति | संस्थानको रिक्त दरबन्दीमा पदपूर्ति | संस्थानको हित र कर्मचारीको वृत्ति विकास सहितको स्थायी पदपूर्ति | ५० | | कर्मचारीको वृत्ति विकास सहित दक्ष जनशक्ति व्यवस्थापन | बजेट अपुग भएमा संस्थानको वैकल्पिक स्रोतबाट व्यवस्थापन |
| ६३ | २२५४९ | नाटक मञ्चन | विविध नाटकहरू मञ्चन तथा प्रदर्शन | मुना मदन, एक चिहान, पाठ्यक्रम तथा अन्य नाटक, उपन्यास, एकाङ्की, खण्डकाव्यमा आधारित नयाँ नाटक मञ्चन तथा प्रदर्शन | २० | | नाटक मार्फत संस्कृति प्रवर्द्धन तथा आर्थिक समृद्धि | टिकट शो तथा प्रायोजकमूलक |
| ६४ | २२५५० | नेपाली उपशास्त्रीय सङ्गीत विकास | नेपाली उपशास्त्रीय सङ्गीत समारोह | नेपाली लोक र शास्त्रीय सङ्गीत सङ्गम मार्फत नेपालीपन भएका उपशास्त्रीय सङ्गीत प्रदर्शनी | २ | | नेपाली उपशास्त्रीय सङ्गीत विकासमा जोड | सहकार्यमूलक तथा प्रायोजकमूलक |
| ६५ | २२५५१ | सुगम सङ्गीत विकास | नेपाली सुगम सङ्गीत समारोह | नेपाली सुगम सङ्गीतको मर्म समेटिएको कार्यक्रम संस्थान तथा अन्य चर्चित कलाकारद्वारा प्रस्तुति | १.५ | | सुगम सङ्गीत विकासमा जोड | सहकार्यमूलक तथा प्रायोजकमूलक |
| ६६ | २२५५२ | डिजिटाइजेशन | डिजिटाइजेशन सम्बन्धी कार्यक्रम | संस्थानका श्रव्यदृश्य सम्बन्धी विगतका क्रियाकलापलाई डिजिटल प्रविधिमा रूपान्तरण | २ | | सांस्कृतिक सम्पत्तिको संरक्षणमा जोड | |
| ६७ | २२५५३ | ऐन निर्माण | संस्थान ऐन निर्माण | संस्थानको ऐन नहुँदाको समस्यालाई मध्यनजर गर्दै सांस्कृतिक संस्थान ऐन निर्माण कार्यको योजना निर्माण | ० | | ऐन अनुरूप परिणाममुखी कार्य सम्पादन | मन्त्रालयसँग समन्वय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६८ | २२५५४ | चाडपर्व संरक्षण | चाडपर्व विशेष शुभकामना आदानप्रदान कार्यक्रम | नेपालीहरूका महान् चाडपर्वहरू दशैं, तिहार, छठको उपलक्ष्यमा संस्थान तथा अन्य कलाकारको विशेष प्रस्तुति रहने गरी क्रियाकलाप प्रदर्शनी | २ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरणमा जोड | |
| ६९ | २२५५५ | ” ” | देउसी भैलो कार्यक्रम | संस्थानको कल्याणकारी कोष विस्तारका लागि देउसी भैलो कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | |
| ७० | २२५५६ | ” ” | माघे संक्रान्ति कार्यक्रम | मगर, थारु आदि समूदायको राष्ट्रिय चाड माघे संक्रान्ति विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ७१ | २२५५७ | ” ” | साकेला पर्व (उभौली,उधौली) | किरात समूदायको महान चाड साकेला पर्व ( उधौली,उभौली) विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ७२ | २२५५८ | ” ” | ल्होसार पर्व (तमु, सोनाम, ग्याल्पो) | तमु ल्होसार, सोनाम ल्होसार र ग्याल्पो ल्होसार विशेष कार्यक्रम | १ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ७३ | २२५५९ | ” ” | गाईजात्रा महोत्सव | हास्य रस प्रदायक गाईजात्रा विशेष प्रहसन : संस्थान तथा अन्य लोकप्रिय कलाकारको प्रस्तुति | ३५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक तथा टिकट शो |
| ७४ | २२५६० | सांस्कृतिक सम्बन्ध विस्तार | राष्ट्रिय नाचघरदेखि संस्थानसम्म सांस्कृतिक कार्यक्रम | संस्थानबाट अवकाश प्राप्त तथा आबद्ध हुनुभएका र हाल कार्यरत कर्मचारीहरूको प्रस्तुती सहित भेटघाट | १ | | राष्ट्रिय नाचघरदेखि संस्थानसम्मका कर्मचारीहरूको सम्मान | प्रायोजकमूलक |
| ७५ | २२५६१ | प्रतियोगिता | लोकवादन प्रतियोगिता | देशैभरीका प्रतियोगीहरू समेटिने गरी लोपोन्मुख लोकवाद्य वादन प्रतियोगिता | ० | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ७६ | २२५६२ | बुद्ध प्रति श्रद्धा | बुद्ध जयन्ती विशेष कार्यक्रम | बुद्ध जयन्तीको अवसरमा नेपालको अस्तित्व गौतम बुद्ध सम्बन्धी क्रियाकलाप प्रदर्शन | ०.५ | | नेपालको अस्तित्व गौतम बुद्धको गरिमा प्रवर्द्धन | सम्बन्धित निकायसँग सहकार्य |
| ७७ | २२५६३ | दिवस संरक्षण | राष्ट्रिय धान दिवस महोत्सव | असार १५ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा स्थलगत रूपमा सहभागी | ०.५ | | राष्ट्रिय धान दिवस तथा रोपाइँ सम्बन्धी क्रियाकलाप पुस्तान्तरणत्र | सम्बन्धित निकायसँग सहकार्य |
| ७८ | २२५६४ | ” ” | विश्व सङ्गीत दिवस कार्यक्रम | विश्व सङ्गीत दिवसको शुभकामना आदानप्रदान कार्यक्रम संस्थानका प्रशिक्षार्थीको विशेष प्रस्तुति | ०.५ | | सङ्गीत दिवसको संरक्षण | |
| ७९ | २२५६५ | धार्मिक संस्कृति निर्माण | धार्मिक सांस्कृतिक उत्सव | सनातन हिन्दू धर्म सम्बन्धी मानवका जन्मदेखि मृत्युपर्यन्त क्रियाकलापहरू कम्तीमा १५ दिनसम्म लगातार प्रदर्शनी, जस्तै : हिन्दू धर्मको मूल्यमान्यता सम्बन्धी नाटक, देवीदेवता सम्बन्धी नाटक, भजन, देवीदेवता सम्बन्धी नृत्य, देवीदेवता सम्बन्धी ललितकला, हिन्दू धर्मको जन्म र मृत्यु संस्कारमा प्रयोग हुने संस्कारिक प्रदर्शनी, हिन्दू धर्म सम्बन्धी पुस्तकालयी प्रदर्शनी, हिन्दू धर्म सम्बन्धी खानपान प्रदर्शनी | ० | | धर्म, संस्कतिको संरक्षण सहित नयाँ पुस्तामाझ ज्ञान सम्प्रेषण | पशुपति क्षेत्र विकास कोषसँग सहकार्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८० | २२५६६ | श्रम संस्कृति निर्माण | श्रम सांस्कृतिक कार्यक्रम | श्रमजीवी, मजदूर, किसान आदि वर्गको श्रम संस्कृतिको उत्थानमूलक सांस्कृतिक क्रियाकलाप | ०.५ | | मे १ अन्तर्राष्ट्रिय मजदूर दिवसको सम्मान | |
| ८१ | २२५६७ | दिवस संरक्षण | राष्ट्रिय एकता दिवस | राष्ट्रिय एकताको मूल मर्म समेटिने सांस्कृतिक क्रियाकलापहरू | ० | | राष्ट्रिय एकताको भावना अभिवृद्धि | नेपाल सरकारको अवधारणा अनुरूप |
| ८२ | २२५६८ | दीक्षान्त | प्रशिक्षार्थी दीक्षान्त समारोह | प्रशिक्षार्थीलाई दीक्षान्त तथा प्रतिभा प्रस्तुति सम्बन्धी क्रियाकलाप | १ | | प्रशिक्षार्थीको कलाको सम्मान तथा हौसला प्रदान | |
| ८३ | २२५६९ | चाडपर्व संरक्षण | फागु पुर्णिमा होली विशेष कार्यक्रम | रंगहरूको पर्व होली विशेष शुभकामना आदानप्रदान क्रियाकलाप | ०.५ | | मौलिक चाडपर्व संरक्षण तथा प्रवर्द्धनमा जोड | |
| ८४ | २२५७० | सांस्कृतिक गतिविधि | विविध सांस्कृतिक कार्यक्रम | संस्कृति प्रवर्द्धनमूलक भैपरी आउने विविध सांस्कृतिक कार्यक्रम | ६ | | संस्कृति संरक्षण तथा प्रवर्द्धनमा जोड | |
| ८५ | २२५७१ | सहकार्य | विभिन्न संघसंस्थासँग सहकार्यमूलक कार्यक्रम | संस्थानको उद्देश्यसँग मेल खाने विविध संघसंस्थासँग सहकार्यमा कार्यक्रम | ० | | संस्कृति संरक्षण तथा प्रवर्द्धन | सम्झौता अनुरूप कार्यक्रम तय |
| ८६ | २२५७२ | संस्कृति प्रवर्द्धन | नेपाली संस्कृति | पर्यटन विकासका लागि संस्कृति प्रवर्द्धनमूलक कार्यक्रम "नेपाली संस्कृति" | ० | | संस्कृति पर्वद्धन सहित पर्यटन विकास | नेपाल पर्यटन बोर्डसँग सहकार्य |
| ८७ | २२५७३ | संस्कृति संरक्षण तथा प्रवर्द्धन | उपत्यका लोकसंस्कृति उत्सव | उपत्यका शहरलाई पर्यटकीय गन्तव्य बनाउन उपत्यका खण्डका लोकसंस्कृति प्रदर्शनी | ० | | सांस्कृतिक पर्यटनको विकास | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ८८ | २२५७४ | चाडपर्व संरक्षण | तीज उत्सव | अन्तरनिकाय बीच तीज सम्बन्धी मौलिक सांस्कृतिक प्रतियोगीता | २ | | चाडपर्वको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक |
| ८९ | २२५७५ | ” ” | गौरा पर्व | गौरा पर्व सम्बन्धी क्रियाकलाप स्थलगत रूपमा अवलोकन तथा प्रदर्शन | ०.५ | | चाडपर्वको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ९० | २२५७६ | जागरण संस्कृति निर्माण | सचेतना सांस्कृतिक कार्यक्रम | घटना दर्ता, समाजमा विद्यमान विकृति, विसंगति, भेदभाव तथा बेथिति निर्मूलनका लागि सचेतनामूलक कार्यक्रम | ० | | सभ्य संस्कृति निर्माणमा जोड | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग सहकार्य |
| ९१ | २२५७७ | G to G प्रणाली विकास | संस्कृति प्रवर्द्धनमूलक सांस्कृतिक कार्यक्रम | नेपाल सरकारका विभिन्न निकायसँग G to G प्रणाली मार्फत सहकार्य गरी संस्कृति सम्बन्धी क्रियाकलाप प्रदर्शनी | ० | | संस्कृति संरक्षण तथा प्रवर्द्धन | |
| ९२ | २२५७८ | सांस्कृतिक पर्यटनको विकास | सांस्कृतिक पर्यटन कार्यक्रम | **'नेपालको आय वृद्धि, सांस्कृतिक पर्यटनबाटै समृद्धि'** श्लोकनका साथ संस्थानको मेगा हलमा सात प्रदेशको रैथाने खानपान सहित नियमित कार्यक्रम | ७ | | सांस्कृतिक पर्यटनको विकास र आर्थिक समृद्धि | नेपाल पर्यटन बोर्ड तथा अन्य निकायसँग सहकार्य |
| ९३ | २२५७९ | सांस्कृतिक उत्पादन | सांस्कृतिक उद्योग निर्माण | सांस्कृतिक कला, सीप, ज्ञान, रैथाने खानपान, भेषभूषा, सङ्गीत (गायन, वादन र नृत्य), नाटक, सांस्कृतिक पर्यटन, डिजिटल प्रविधि तथा मानवीय जन्मदेखि मृत्यु पर्यन्त क्रियाकलापलाई उत्पादनसँग जोड | ० | | सांस्कृतिक रोजगारको सिर्जना तथा आर्थिक समृद्धि | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९४ | २२५८० | संस्कृति निर्माण | नयाँ संस्कृति निर्माण | इतिहासकालदेखि सभ्य समाज निर्माणमा भूमिका निर्वाह गर्ने लोक संस्कृति, जागरण संस्कृति, श्रम संस्कृति, प्रगतिशील संस्कृति जस्ता संस्कृतिको अस्तित्वलाई अङ्गीकार गर्दै नेपालको संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुसारको आत्मनिर्भर, नैतिक एवम् सामाजिक न्याययुक्त नयाँ समाजवादी संस्कृति निर्माण | ० | | नयाँ संस्कृति निर्माणसँगै सभ्य समृद्धमय नेपाल | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| ९५ | २२५८१ | सांस्कृतिक यात्रा | सात प्रदेशमा सांस्कृतिक नवजागरण कार्यक्रम | स्थानीय मौलिक संस्कृति प्रवर्द्धन सहित संस्थानका कलाकारको प्रस्तुति | ७ | | संस्कृतिबाटै समृद्धिको आधार निर्माण | ललितकला प्रज्ञा प्रतिष्ठान, अन्य निकायसँग सहकार्य |
| ९६ | २२५८२ | सांस्कृतिक सम्पत्ति संरक्षण | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मका सांस्कृतिक सम्पत्ति खोज अनुसन्धान | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म कार्यरत पूर्व कर्मचारी तथा नेतृत्व, वर्तमान कर्मचारी तथा नेतृत्व र आगामी दिनमा समेतका कर्मचारी तथा नेतृत्वले संस्थानको नीति तथा कार्यक्रम अन्तर्गतका सिर्जनशील क्रियाकलाप सम्बन्धी सांस्कृतिक सम्पत्ति खोज तथा संरक्षण | १ | | सांस्कृतिक सम्पत्ति संरक्षण तथा पुस्तान्तरण | |
| ९७ | २२५८३ | प्रतियोगिता | लोकनृत्य प्रतियोगिता | देशैभरीका प्रतियोगीहरू समेटिने गरी लोपोन्मुख लोकनृत्य प्रतियोगिता | ० | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ९८ | २२५८४ | ” ” | नाटक प्रतियोगिता | देशैभरीका प्रतियोगीहरू समेटिने गरी लोपोन्मुख लोकनृत्य प्रतियोगिता | ० | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ९९ | २२५८५ | चाडपर्व संरक्षण | शिवार्पण सांस्कृतिक साँझ | महाशिवरात्रिको अवसरमा भगवान् शिवको महिमामूलक सांस्कृतिक कार्यक्रम | ० | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | पशुपति क्षेत्र विकास कोषसँग सहकार्य |
| १०० | २२५८६ | ” ” | नाम्क (भूमे/भूम्या) पर्व | मगर समुदायको सांस्कृतिक चाड नाम्क ( भूमे/भूम्या) विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| १०१ | २२५८७ | ” ” | साउने संक्रान्ति पर्व | मगर समुदाय विशेष मौलिक चाड तथा नेपालको सांस्कृतिक पर्व साउने संक्रान्ति विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| १०२ | २२५८८ | प्रशिक्षणद्वारा जागरण | सात प्रदेशमा जागरण प्रशिक्षण अभियान | सांस्कृतिक जागरण मार्फत संस्कृतिबाटै समृद्धि सम्बन्धी कला, ज्ञान र सीपमूलक क्रियाकलाप | ३.५ | | सिर्जनशील कलाको विकास | विभिन्न निकायसँग सहकार्य, समन्वय |
| १०३ | २२५८९ | सांस्कृतिक बचत प्रणाली निर्माण | सांस्कृतिक संस्थान बचत कोष स्थापना | कर्मचारी हितका लागि कर्मचारी मध्येबाट ज्येष्ठताको आधारमा संयोजक रहनेगरी मासिक तलब भत्ताको ५ प्रतिशत रकम जम्मा हुँदै जाने प्रणाली सहित बचत कोषको स्थापना तथा खाता सञ्चालन गरी सम्बन्धित कर्मचारीले जम्मा गरेको समयावधिको आधारमा ब्याज सहित एकमुष्ट रकम प्राप्त गर्ने प्रणालीको विकास | ० | | संस्थानका कर्मचारीको सुरक्षित जीवनका लागि बचत प्रणालीको विकास | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, कर्मचारीहरू स्वयंले कार्यविधि निर्माण गरी लागू गर्ने, संस्थानको तर्फबाट नीतिगत अवधारणा सहित सहजीकरण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०४ | २२५९० | विशेष कार्यक्रम | सांस्कृतिक संस्थान विशेष समारोह | सांस्कृतिक संस्थानका सम्पन्न गतिविधि प्रस्तुतीकरण सहित सांस्कृतिक क्रियाकलाप | २ | | संस्थानको कार्यसम्पन्न गतिविधि पारदर्शी प्रस्तुत | |
| १०५ | २२५९१ | सेभ द नेपाली कल्चर (Save The Nepali Culture) | "सेभ द नेपाली कल्चर" नामक अन्तर्राष्ट्रिय संस्कृति कोष (International Cultural Fund) निर्माण | नेपाली संस्कृति संरक्षणका लागि "सेभ द नेपाली कल्चर" नामक अन्तर्राष्ट्रिय फण्डिङ निर्माण गरी अन्तर्राष्ट्रियस्तरका संस्कृति प्रवर्द्धनमूलक क्रियाकलाप | ० | | अन्तर्राष्ट्रियस्तरमा दीर्घकालीन रूपमा नेपाली संस्कृति प्रवर्द्धन | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| १०६ | २२५९२ | श्रव्यदृश्य सामग्री निर्माण | लोकसंस्कृति सम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन | सात प्रदेशका लोपोन्मुख लोकगीत, लोकनृत्य, लोक गीति नाटक तथा समग्र लोकसंस्कृति खोज अनुसन्धान, रेकर्डिङ, छायांकन, दस्तावेजीकरण | ५ | | लोपोन्मुख लोकसंस्कृति संरक्षण सहित संस्थानको सांस्कृतिक सम्पत्तिमा वृद्धि | अपुग रकम कार्यविधि अनुरूप व्यवस्थापन |
| १०७ | २२५९३ | संस्कृति संरक्षण तथा प्रवर्द्धन | चरिया सङ्गीत समारोह | नेपालको प्राचीन पहिचान बोकेको उपत्यकाको चरिया गायन, वादन, नृत्य, नाटक र समग्र चरिया सम्बन्धी संस्कृति प्रदर्शनी | १ | | नेपाली वास्तविक शास्त्रीय सङ्गीतको पहिचान | सहकार्यमूलक |
| १०८ | २२५९४ | क्षमता वृद्धि | कर्मचारी तालिम | कार्यालय आचार संहिता सम्बन्धी प्रशिक्षण | १ | | कर्मचारी क्षमता वृद्धि | |
| १०९ | २२५९५ | संस्कृति प्रवर्द्धन | लोक तथा दोहोरी कार्यक्रम | मासिक रूपमा लोक तथा दोहोरी कार्यक्रम | ६ | | मौलिक संस्कृति संरक्षण | प्रायोजनमूलक, सहकार्यमूलक |
| | | **पुंजीगत तर्फ** | | | | | | |
| ११० | ३१११० | भवन तथा संरचना | | | | | | |
| १११ | ३११११ | ״ ״ | पुस्तकालय निर्माण | संस्कृति सम्बन्धी पुस्तक तथा सिर्जनशील कला सम्बन्धी सामग्री अभिलेखका लागि पुस्तकालय | ६ | | सांस्कृतिक सम्पत्ति निर्माण, संस्कृति सम्बन्धी ज्ञान सम्प्रेषणको आधार निर्माण | |
| ११२ | ३१११२ | ״ ״ | पर्यटकीय क्षेत्रमा सांस्कृतिक संस्थान घर निर्माण | नेपालका पर्यटकीय क्षेत्रहरूमा सांस्कृतिक संस्थानका संस्कृति प्रदर्शनमैत्री घर निर्माण गरी रैथाने खानपान सहितको सांस्कृतिक क्रियाकलाप प्रदर्शन | ० | | सांस्कृतिक पर्यटनको विकास, रोजगारीको सिर्जना तथा आर्थिक समृद्धि | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| ११३ | ३१११३ | ״ ״ | छायांकन हल निर्माण | निकायगत अपरिहार्य संस्कृति सम्बन्धी श्रव्यदृश्य निर्माण तथा उत्पादनमैत्री क्रियाकलापको लागि संस्थानको छायांकन हल निर्माण | ० | | संस्कृति संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण, सांस्कृतिक सम्पत्ति निर्माण तथा आर्थिक समृद्धि | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| ११४ | ३१११४ | ״ ״ | मिक्सिङ कक्ष तथा सम्पादन कक्ष निर्माण | निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य श्रव्य सामग्री मिक्सिङ कक्ष तथा दृश्य सम्पादन कक्ष निर्माण | २ | | | |
| ११५ | ३१११५ | ״ ״ | पानी प्रशोधन प्लान्ट निर्माण | पानी प्रशोधन प्लान्ट तथा ट्याङ्की निर्माण गरी सेमिनार हलमा शुद्ध पिउने पानी व्यवस्था तथा मेगा र मिनी हलमा सफा पानीको व्यवस्था | ५ | | सफा पानीको व्यवस्था पानी ट्याङ्की फोहोर तथा जाम हुने समस्याबाट मुक्त | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११६ | ३१११६ | " " | डिजिटल लाइट प्रणाली निर्माण | मेगा र मिनी हलमा नाटक प्रदर्शन तथा अन्य कार्यक्रमका लागि अलग-अलग डिजिटल लाइट प्रणाली निर्माण | ५ | | डिजिटल प्रविधिसँगै अपडेट तथा आर्थिक दायित्वमा कमी | |
| ११७ | २२५८२ | डिजिटल संयन्त्र निर्माण | डिजिटल उत्पादनका लागि डिजिटल संयन्त्र निर्माण | डिजिटल उत्पादन प्रविधि जस्तै : एप, युटुब, फेसबुक, वेवसाइट, डिजिटल टिकट बुकिङ प्रणाली जस्ता डिजिटल संयन्त्र निर्माण | ५ | | डिजिटल प्रविधि मार्फत समृद्धि तथा Globally Movement | |
| ११८ | २२५८४ | डिजिटल दस्तावेजीकरण | NAS प्रणाली निर्माण | संस्थानको सम्पूर्ण गतिविधिलाई डिजिटल प्रविधिमा संरक्षण | ५ | | संस्थानका गतिविधि डिजिटल रूपमा संरक्षण | |
| ११९ | ३११२१ | खरिद | गायन, वादन, नृत्य र नाट्य सामग्री | गायन-अभ्यास साउण्ड सिस्टम, माइकहरू, वादन-हार्मोनियम, तबला, बाँसुरी, सारङ्गी, मादल, पियानो एकडियन, नृत्य- सात प्रदेशको मौलिक भेषभूषा, मयुर नाच सेट, चौरी १ थान, लाखे मुकुट, यति १ थान र नाटक-विभिन्न नाटकका लागि भेषभूषा, आवश्यक सामग्री खरिद | १० | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |
| १२० | ३११२२ | " " | मेशिनरी सामग्री | कम्प्युटर ३ थान, प्रिन्टर २ थान, माइक सेट-३, हेडफोन-४, साउण्डकार्ड सेट-१, माइक स्ट्यान्ड, लाइट, मोनिटर, ब्लूटूथ पीन माइक सेट-५, माइक केबल, लाइट स्ट्यान्ट, सिसीटिभी साउण्ड क्यामेरा-१५, स्मोक मेसिन थान-१, बूम पीन माइक ३ थान लगायत आवश्यक सामग्री खरिद | १५ | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |
| १२१ | ३११२३ | " " | LED स्क्रीन निर्माण | संस्थानको मेगा प्रेक्षालयमा मञ्चको ब्याकग्राउण्डमा ठूलो LED स्क्रीन निर्माण | ३५ | | समयानुसार हललाई डिजिटल प्रविधिमा अपडेट | |
| १२२ | ३११२४ | " " | डिजिटल बोर्ड निर्माण | संस्थानको पृष्ठभूमि, इतिहास, उद्देश्य, बडापत्र, कर्मचारी विवरण तथा सम्पूर्ण जानकारी डिजिटल बोर्ड मार्फत प्रकाशन | ६ | | समयानुसार संस्थानलाई डिजिटल प्रविधिमा अपडेट | |
| १२३ | ३११२५ | " " | फर्निचर तथा फिक्चर | टेबुल, कुर्सी, कार्पेट, पर्दा आदि खरिद | ५ | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |